आज मिति २०८० साल मंसिर २४ गते दिनको ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८०/०८१ को पाचौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

क्र.सं.	नाम, थर	पद	हस्ताक्षर
१	श्री मणिराम वुढाथोकी	गाउँपालिका अध्यक्ष	
२	श्री मिना थापा	गाउँपालिका उपाध्यक्ष	
३	श्री पवन कुमार कवर	वडा अध्यक्ष वडा नं. १	
४	श्री नेत्र बहादुर गिरी	वडा अध्यक्ष वडा नं. २	
५	श्री दुर्गा बहादुर विष्ट	वडा अध्यक्ष वडा नं. ३	
६	श्री ओविलाल बस्नेत	वडा अध्यक्ष वडा नं. ४	
७	श्री मणि थापा	वडा अध्यक्ष वडा नं. ५	
८	श्री लोकेन्द्र बहादुर थापा	वडा अध्यक्ष वडा नं. ६	
९	श्री रेशम शर्मा	वडा अध्यक्ष वडा नं. ७	
१०	श्री धनराज रोका	वडा अध्यक्ष वडा नं. ८	
११	श्री रितादेवी थापा	कार्यपालिका सदस्य वडा नं. ३	
१२	श्री निर्मला पुनमगर	कार्यपालिका सदस्य वडा नं. ४	
१३	श्री अनिता थापा	कार्यपालिका सदस्य वडा नं. ६	
१४	श्री इन्द्रा रोकामगर	कार्यपालिका सदस्य वडा नं. ८	
१५	श्री तुल्सी सुनार	कार्यपालिका सदस्य वडा नं. १	
१६	श्री नेमलाल दमाई	कार्यपालिका सदस्य वडा नं. ७	
१७	श्री गोविन्द भट्टराई	सचिव, प्रमुख प्रशासकीय अधिकृत	
सहयोगी कर्मचारीहरु			
१	रनविर वुढा	प्रशासन शाखा प्रमुख	
२	पदम प्रसाद रिजाल	सहायक पाचौं	
३	दुर्योधन महरा	सहायक कम्प्यूटर अपरेटर	
४	लोकेन्द्र विष्ट	सहयोगी	

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

पाचौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. संघीय समपुरक र विशेष अनुदान माग सम्बन्धमा ।
२. सवारी साधन खरिद सम्बन्धमा ।
३. प्यूठान अस्पतालमा डाइलाइसिस सेवा सञ्चालन सम्बन्धमा ।
४. योजना कार्यान्वयन सम्बन्धमा ।
५. रिक्त पदमा कर्मचारी भर्ना सम्बन्धमा ।
६. विविध छलफल सम्बन्धमा।

२०८० मंसिर २४ गते बसेको पाचौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं.	प्रस्ताव	संक्षिप्त व्यहोरा	प्रस्तावित निर्णय	निर्णय
१.	संघीय समपुरक र विशेष अनुदान माग सम्बन्धमा ।	आगामी आ.व. २०८१/०८२ का लागि संघीय सरकारबाट प्राप्त हुने संघीय समपुरक र विशेष अनुदान योजना/कार्यक्रम माग गर्न आवश्यक देखिएको ।	आगामी आ.व. २०८१/०८२ का लागि संघीय सरकारबाट प्राप्त हुने संघीय समपुरक र विशेष अनुदान तर्फ तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु राष्ट्रिय योजना आयोगमा माग प्रस्ताव पेश गर्ने । तपसिल समपुरक तर्फ १. सुलिचौर वसपार्क हुदै भुमेस्थान मोटरबाटो स्तरोन्नती । २. वडा नं. ४ को वडा कार्यालय भवन निर्माण । विशेष अनुदान तर्फ १. वडा नं. ५ को मावि भवन निर्माण । २. अरेश खानेपानी योजना ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
२	सवारी साधन खरिद सम्बन्धमा ।	रोजगार सेवा केन्द्र अन्तर्गत रोजगार सेवा केन्द्रको सुदृढिकरण (कम्प्यूटर, फर्निचर फिक्चर्स, क्यामरा, अन्य विद्युतीय उपकरण) खर्च शिर्षकबाट गाउँपालिका लाई आवश्यक सामाग्री खरिद गर्न आवश्यक देखिएको ।	रोजगार सेवा केन्द्र अन्तर्गत राजश्व शिर्षक नं. ११.३.७.६, क्रियाकलाप रोजगार सेवा केन्द्रको सुदृढिकरण (कम्प्यूटर, फर्निचर फिक्चर्स, क्यामरा, अन्य विद्युतीय उपकरण), श्रोत आई डि ए अन्तर्गत विनियोजित रु २००००।– (अक्षरुपी दुई लाख मात्र)बाट सोहि शिर्षक अन्तर्गतका सामाग्रीहरु खरिद गर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

३	प्यूठान अस्पतालमा डाइलाइसिस सेवा सञ्चालन सम्बन्धमा ।	प्यूठान अस्पताल विजुवार प्यूठानको मिति २०८०/०७/१६ को डाइलाइसिस सेवा सञ्चालनका लागि रकम माग भएको ।	प्यूठान अस्पताल विजुवार प्यूठानको प.सं. २०८०/०८१, च.नं. ३३७, मिति २०८०/०७/१६ को पत्रानुसार प्यूठान अस्पतालमा डाइलाइसिस सेवा सञ्चालनका लागि रकम माग भई आएको हुदाँ विपद व्यवस्थापन कोष खर्च शिर्षकबाट रु १००००।– (अक्षरुपी एक लाख मात्र) सहयोग उपलब्ध गराउने।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
४	योजना कार्यान्वयन सम्बन्धमा ।	चालु आ.व.को योजना तथा कार्यक्रमहरु यथाशिघ्र सञ्चालन गर्न आवश्यक रहेको ।	चालु आ.व.को योजना तथा कार्यक्रमहरु तत्काल सञ्चालन गरि बैशाख मसान्त भित्र कार्य सम्पन्न गरी र जेष्ठ मसान्तसम्म भुक्तानी गरिसक्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
५	रिक्त पदमा कर्मचारी भर्ना सम्बन्धमा ।	गाउँपालिकामा रिक्त रहेका पदहरुको पदपूर्तीका लागि प्रकृया अगाडि बढाउन आवश्यक रहेको ।	गाउँपालिका कार्यरत सूचना प्रविधि अधिकृतले राजिनामा दिइ राजिनामा स्वीकृत भएको र नेपाल सरकार–नगद अनुदान तर्फ कृषि स्नातक करार पदमा जनशक्ति व्यवस्थापनका लागि बजेट व्यवस्था भएको हुदाँ उक्त पदहरुमा पदपूर्ती गर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।
	विविध छलफल सम्बन्धमा ।	प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको । क) मदिरा तथा सुर्तीजन्य पदार्थको अव्यवस्थित विक्रि वितरण र बालबालिका माथिको प्रयोगमा नियमन गर्ने ।	क) मदिरा तथा सुर्तीजन्य पदार्थको अव्यवस्थित विक्रि वितरणलाई रोक लगाउने र बालबालिका माथिको प्रयोगमा नियमन गर्नका लागि अनुगन, अभिमुखिकरण र सूचना प्रवाह गर्ने ।	"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष